# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली, कपिलवस्तु
## (लुम्बिनी प्रदेश, नेपाल)

प.स.:०८१/०८२

च.नं.:

मितिः २०८१/११/२२

"पशु आहारा विकास कार्यक्रमको लागि गरिब, विपन्नलाई सानो हाते च्याप कटर वितरण अनुदान (९० प्रतिशत)" कार्यक्रममा आवेदन पेश गर्ने सम्बन्धी सुचना।

प्रथम पटक प्रकाशित मिति २०८१/११/२२ गते

यस यशोधरा गाउँपालिका पशु सेवा शाखा बैदौली कपिलवस्तुको आ. व. २०८१/०८२ वार्षिक स्विकृत कार्यक्रम अनुसार "पशु आहारा विकास कार्यक्रमको लागि गरिब, विपन्नलाई सानो हाते च्याप कटर वितरण अनुदान (९० प्रतिशत)" कार्यक्रम संचालन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलवस्तुमा गठित पशु विकास समितिको मिति २०८१/११/२० गते बसेको बैठकको निर्णय अनुसार यस यशोधरा गाउँपालिकाको कार्यक्षेत्र भित्रका १० प्रतिशत लागत साझेदारीमा कार्य गर्न इच्छुक पशुपालक कृषक, निजी उद्दमी, व्यवसायिक पशु फार्म, समुह ,सहकारीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र वा २०८१/१२/१३ गते भित्र तपशिल अनुसारका कागजात संलग्न राखी यशोधरा गाउँपालिकाको कार्यालय बैदौली कपिलवस्तुमा आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनोटका लागि समावेश नहुने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपशिलका कागजातहरु:-

- नेपाली नागरिकताको प्रतिलिपी।
- वडा कार्यालयको सिफारिस पत्र ।
- फार्म दर्ता प्रमाण पत्र नविकरण भएको हुनु पर्ने (दर्ता भएका फार्मको हकमा मात्र)
- कार्यालय द्धारा निर्धारण गरेको फर्म ढाँचामा आवेदन र कार्ययोजना।
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी र हालसालै मालपोत बुझाएको रसिद ।
- विगत २ वर्ष देखी कुनै निकाय बाट अनुदानमा च्याप कटर प्राप्त नगरेको स्व-घोषणा पत्र।
- समुह सहकारीको हकमा कार्यसमितिको निर्णय र दर्ता प्रमाण पत्रको नविकरण सहितको प्रतिलिपी ।

नोट:- विस्तृत जानकारीको लागि यस यशोधरा गाउँपालिका पशु सेवा शाखा बैदौली कपिलवस्तुमा सम्पर्क गर्न सकिनेछ।

२०८१/११/२२

ऋषभ देव खनाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:- श्री सुचना प्रविधि शाखा:- Website र face book page मा Upload गरिदिनु हुन।